नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७८ वैशाख महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

**वर्ष-१ अंक-१०**

## १. परिचय

संघीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

## २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

## ३. परिषदले २०७८ वैशाख महिनामा सम्पादन गरेका कार्यहरू

### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका, उजुरी परेका ४३४ जना (बालक ९९ र बालिका ३३५) जना बालबालिकाको खोजतलास गरी १८७ जना (बालक ४२ र बालिका १४५) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने २४७ जना बालबालिका (बालक ५७ र बालिका १९०)को खोजतलास कार्य जारी रहेको छ । २०७७ श्रावण महिनादेखि २०७८ वैशाख मसान्तसम्म हराएका ३२६६ जना बालबालिका मध्ये (बालक ७६१ र बालिका २५०५) मध्ये १७७१ जना बालबालिका (बालक ४३५ र बालिका १३३६) फेला परेका र परिवारमा पुर्नमिलन गराईएको छ भने १४९५ (बालक ३२६ र बालिका ११६९) बालबालिकाको खोजिकार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा २५ जना (बालक १४, बालिका ११) बालबालिका फेला परेका थिए । जसमध्ये १५ जना बालबालिका (बालक ८ र बालिका ७)लाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १० जना बालबालिका (बालक ४ र बालिका ६) लाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।



(ख) यस महिनामा ३ जना सडक बालकको उद्धार गरिएको छ । संरक्षणमा राखिएका मध्ये ६ जना (बालक ३ र बालिका ३)लाई परिवारमा पुनर्मिलन गरिएको छ ।यस आर्थिक वर्षको वैशाख मसान्तसम्म सडकबाट उद्धार गरिएका २९१ जना (बालक २५२ र बालिका ३९) बालबालिका रहेका छन् । जसमध्ये २५८ जना (बालक २३० र २८ बालिका) बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको छ भने ३३ जना (२३ बालक र १० बालिका) बालबालिकाको पारिवारिक पुर्नमिलन गरिएको छ ।

(ग) परिषद्ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १७ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा सहयोग हुँदै आइरहेको छ । जस अनुसार उदयपुरबाट २, मकवानपुरबाट १२, काठमाडौंबाट ८, सुर्खेतबाट ११, दैलेखबाट ४, कैलाली ४, शंखुवासभाबाट १, कालिकोटबाट ४ र सुनसरीबाट १ जना गरी कूल ४७ जना (बालक १६ र बालिका ३१) जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये २७ बालबालिका (बालक १० र बालिका १७) लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना १४ जना (बालक ४ र बालिका १०) लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने संस्थागत रुपमा ६ जना बालबालिका (बालक २ र बालिका ४) लाई पुर्नस्थापना गरिएको छ । चालु आ.व.को वैशाख मसान्तसम्म कुल ७४८८ जना बालबालिका (बालक २८५१ र बालिका ४६३२)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १. | स्वास्थ्य उपचार सहयोग | १३४ | २०७ | ३४१ |
| २. | मनोसामाजिक मनोविमर्श | ८३८ | ११०८ | १९४६ |
| ३. | पारिवारिक परामर्श | ६३१ | १०३६ | १६६७ |
| ४. | कानूनी परामर्श | ९३ | ३७१ | ४६४ |
| ५. | स्याहार, सुरक्षा तथा संरक्षण सहयोग | ४९१ | ७११ | १२०२ |
| ६. | शैक्षिक सहयोग | २६४ | ५१२ | ७७६ |
| ७. | बाल विवाह रोकथाम सहयोग | ३६ | १५९ | १९५ |
| ८. | आय आर्जन सहयोग | १६ | ४० | ५६ |
| ९. | अन्य सहयोग | ३४८ | ४८८ | ८३६ |
| | जम्मा | **२८५१** | **४६३२** | **७४८३** |

(घ) चितवन जिल्लाका भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकामा सञ्चालित २६ वटा बालगृहको स्थलगत अनुगमन गरी ती बालगृहमा संरक्षित ६४० जना बालबालिका (बालक ३०५ र बालिका ३३५ ) को अवस्था अनुगमन गरिएको छ । २६ वटा बालगृहमा संरक्षित ६०३ जना बालबालिका मध्ये बाबुआमा दुवै नभएका १३५ जना, बाबु मात्रै भएका ६७ जना, आमा मात्रै भएका १४७ जना र बाबुआमा दुवै भएर पनि बालगृहमा रहेका २७३ जना बालबालिका रहेका छन् भने अवस्था नखुलाएर पठाएका १८ जना बालबालिका रहेका छन् । २६ वटा बालगृह मध्ये ९ वटा बालगृहले बैदेशिक अनुदान लिइ बालगृह सञ्चालन गरिरहेकोमा ४ वटा बालगृहले मात्रै समाज कल्याण परिषद् बाट स्वीकृति लिएको देखिन्छ । साथै १७ वटा संस्थाले स्वदेशी दाताबाट आर्थिक सहयोग लिएर बालगृह सञ्चालन गरिरहेका छन् । अनुगमन गरिएका मध्ये ४ वटा बालगृहको दिगो तथा भरपर्दो आर्थिक स्रोत देखिएको छैन ।

(ङ) मिति २०७८ वैशाख १५ गते राष्ट्रिय बाल अधिकार परिषद्ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय समेतको उपस्थितिमा चितवन जिल्ला रत्ननगर नगरपालिकामा मापदण्ड वपरित सञ्चालनमा रहेका दुई वट बालगृहबाट १४ जना बालबालिका (बालक ११ र बालिका ३)को उद्धार गरी बालबालिकालाई अस्थायी संरक्षण सेवामा संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार कार्यमा नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक, रत्ननगर नगरपालिकाको महिला तथा बालबालिका शाखाका प्रतिनिधि तथा सम्बन्धित वडा कार्यालयका अध्यक्ष तथा सदस्यहरूसँगको समन्वय, सहकार्य तथा सहभागिता रहेको थियो ।

(च) यस महिनामा विशेष संरक्षणको आवश्यकता भएका ८ जना बालबालिकालाई जन्मदर्ता बनाउनको लागि सहयोग गरिएअनुसार ८ जना बालबालिकाले जन्म दर्ता बनाउन सफल भएका छन् । तीन जना बालबालिकालाई शैक्षिक सहायता प्रदान गरिएको छ भने एक जना बालकको परिवार पत्ता लगाउन सहयोग गरिएको थियो ।

(छ) मिति २०७८ वैशाख १४ गते रौतहट जिल्लामा १७ वर्षकी बालिकाको बालविवाह हुनलागेको जानकारी राष्ट्रिय बाल अधिकार परिषद्लाई प्राप्त हुन आए पछि जिल्ला प्रहरी कार्यालय रौतहटको पहलमा बालविवाह रोकिएको छ । बालविवाह रोक्न जिल्ला प्रहरी कार्यालय रौतहट, स्थानीय निकाय, बालहेल्पलाईन १०९८, स्थानीय नागरिक सबैले सहयोग पुर्‍याउनु भएको थियो ।

## ४· समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू


(क) मिति २०७८ वैशाख १० गतेका दिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री एवम् राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री जुलीकुमारी महतोज्यूको अध्यक्षता तथा संवैधानिक आयोगका माननीय अध्यक्षज्यूहरूको विशिष्ट आतिथ्यतामा राष्ट्रिय बाल अधिकार परिषद्ले बाल अधिकारको संरक्षण र सम्वर्द्धनमा संवैधानिक आयोगसँगको समन्वय र सहकार्य विषयमा अन्तर्क्रिया गोष्ठी कार्यक्रम सम्पन्न गरेको छ । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान र प्लान नेपालको व्यवस्थापन सहयोगमा गरिएको ऊक्त कार्यक्रममा आठ वटा संवैधानिक आयोगका माननीय अध्यक्षज्यू, सदस्यज्यूहरू, सचिवज्यूहरू, बाल अधिकार परिषद्का सदस्यज्यूहरू, बालबालिकाका क्षेत्रमा क्रियाशील सञ्जालका अध्यक्षज्यूहरू लगायत ६७ (पुरुष ४६ र महिला २१) जनाको उपस्थिति रहेको थियो । बाल अधिकारको संरक्षण र संवर्धनका निम्ति संवैधानिक आयोगले आ-आफ्नो क्षेत्रबाट कार्यगर्ने, बालबालिकाको विषय हेर्न माननीय सदस्यज्यूलाई तोक्ने र आयोगमा डेस्क खडा गर्ने, राष्ट्रिय बाल अधिकार परिषद्सँग नियमित छलफल र समन्वय गरी बालबालिकाका मुद्दामा एक्यवद्ध भई संयुक्त रूपमा राष्ट्रिय अभियानहररू सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त भएको थियो ।



(च) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण पश्चात हालसम्म बाल अधिकारको कार्यन्वयनका लागि प्रदेश नं. १ मा १४ वटा स्थानीय तहमा, कर्णाली प्रदेशमा १५ वटा स्थानीय तहमा कार्यविधि निर्माण गरी लागू गरेका छन् भने प्रदेश नं. १मा ३ वटा स्थानीय तहमा र कर्णाली प्रदेशमा १५ वटा पालिकामा बाल अधिकार समिति गठन भएको छ । यसका साथै बागमति प्रदेशमा ३ वटा स्थानीय तहमा कार्यविधि निर्माण गरी बालकल्याण अधिकारी तोकिएको छ भने प्रदेश नं. १मा २ जना र कर्णाली प्रदेशमा ७ जना बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ ।

## ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम

(क) कोभिड–१९ को महामारी शुरू भएदेखि २०७७ वैशाख ३१ गतेसम्म २० वर्षसम्मका ३९ हजार १ सय ३२ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका १० हजार १ सय ६६ जना बालबालिका (बालक ५९७० र बालिका ४१९६) प्रभावित भएको देखिन्छ । प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।





(ख) कोभिड–१९ को प्रभावले भएको बन्दाबन्दीको कारण समस्यामा परेका बालबालिकालाई सहयोग पुर्याउने अभियानका क्रममा सामाखुसीस्थित एक बालगृहमा रहेका १७ जना बालबालिका सहित सम्पूर्ण कर्मचारीहरूलाई कोभिडको नयाँ भेरियन्ट सहितको संक्रमण देखिएको र यसबाट संस्थामा आश्रीत बालबालिकाको पालनपोषणमा अप्ठ्यारो परेका कारण परिषद्ले ग्यास लगायत आवश्यक खाद्यान्न सामग्रीहरू सहयोग प्रदान गरेको छ । यसका साथै पाँच परिवारका १२ जना बालबालिका लाभान्वित हुनेगरी आवश्यक खाद्यान्न सामग्री उपलब्ध गराएको छ ।





(ग) मिति २०७८ बैशाख २८ गते राष्ट्रिय बाल अधिकार परिषदमा बुढानिलकण्ठस्थित एक घरमा दीर्घरोगी श्रीमान् र एचआइभि संक्रमित महिला र एक बालक समेतले ३ दिनदेखि खान नपाएको जानकारी आए लगत्तै परिषद्को निर्देशनमा कुमुदिनि

संस्थामार्फत खाद्यान्न सामग्री तथा ग्यास लगायतका सामग्री सहयोग उपलब्ध गराएको छ ।

(घ) मिति २०७८ बैशाख २३ गते राष्ट्रिय बाल अधिकार परिषद्ले कोभिड–१९ को महामारीमा बालबालिकाको स्वास्थ्य सुरक्षा र संरक्षणका सन्दर्भमाा बाल हेल्पलाइन १०९८ नेपालका सञ्चालक संस्थाका प्रमुख तथा प्रतिनिधिहरू सहित ४५ (पुरुष २७ र महिला १८) जनाको सहभागितामा बाल हेल्पलाइनले बाल हेल्पलाइन सञ्चालनका लागि गरेका व्यवस्थापनहरू, बालबालिका तथा बाल हेल्पलाइनका कर्मचारीहरूको स्वास्थ्य सुरक्षाका लागि गरिएका प्रयासहरू, हालको संकटको अवस्थामा बालबालिकाको संरक्षणका लागि बाल हेल्पलाइनको कार्ययोजना र विद्यमान समस्या तथा परिषद्सँगको अपेक्षित सहयोगको विषयमा भर्चुअल माध्यमबाट अन्तर्क्रिया सम्पन्न गरिएको छ। बाल हेल्पलाइनहरूबाट प्राप्त सुझावहरू समेत समावेश गरी कोभिड–१९ मा बालबालिकाको संरक्षणका लागि कार्ययोजना तयार गरी लागू समेत गरिएको छ ।




(ङ) मिति २०७८ वैशाख २४ गते राष्ट्रिय बाल अधिकार परिषद्ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री एवम् परिषद्का अध्यक्ष श्री जुली कुमारी महतोज्यूको प्रमुख आतिथ्यतामा बाल अधिकारको क्षेत्रमा कार्यरत नागरिक संगठन तथा सञ्जालका प्रमुख/प्रतिनिधिहरू सहित ५१ जनाको सहभागितामा कोभिड–१९ को संकटमा बालबालिकाको अधिकार संरक्षण र तत्काल सम्बोधनका लागि परिषद्को कार्ययोजना र सरोकारवालाहरूको भूमिकाको विषयमा अन्तर्क्रिया गरी सुझाव सङ्कलन गरिएको छ भने सेही दिन परिषद्का विज्ञ समूहका सदस्यज्यूहरूसँग बाल हेल्पलाइन (१०९८) र नागरिक संगठन सञ्जालहरूसँग गरिएको अन्तर्क्रियाबाट प्राप्त सुझावहरू र परिषद्को कार्ययोजनाको विषयमा अन्तर्क्रिया गरी सुझाव लिईएको छ । कोभिड–१९ को प्रभावबाट बालबालिकाको संरक्षण र सुरक्षाका लागि प्राप्त सुझावहरूलाई परिषद्को कार्यक्षेत्र अनुसारको कार्ययोजनामा समावेश गरी कार्यान्वयन गरिनेछ र परिषद्को कार्यक्षेत्रभन्दा बाहिरका विषयहरू सम्बोधनका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिने छ । साथै कार्यक्रममा सम्बन्धित सरोकारवालाहरूले जनाउनु भएको प्रतिवद्धता समेत कार्यान्वयनका लागि परिषद्ले सबैमा अनुरोध गरेको छ ।





(च) मिति २०७८ साल वैशाख २९, ३० र ३१ गते राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा कर्णाली प्रदेश र प्रदेश नं १ का गरी जम्मा ९७ वटा स्थानीय तहमा कार्यरत बाल कल्याण अधिकारी तथा महिला बालबालिका शाखा प्रमुख, सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुखको लगायत १०२ जनाको सहभागितामा कोभिड १९ को संक्रमणमा स्थानीय तहमा बाल संरक्षण तथा बाल संवेदनशील सेवा प्रवाह विषयक भर्चुअल अन्तर्क्रिया गोष्ठी सम्पन्न भएको छ। यस कार्यक्रममा कोभिडले बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागिताको क्षेत्रमा पार्न सक्ने प्रभावहरू, प्रभाव न्यूनीकरणका लागि स्थानीय तहमा प्रवाहित हुन सक्ने बाल संवेदनशील सेवाहरूको सञ्चालन, सूचना सम्प्रेषण र समन्वय तथा सहकार्यका साथै परिषद् बाट प्राप्त हुन सक्ने प्रत्यक्ष सहयोग तथा सेवाहरूको विषयमा प्रस्तुतीकरण गरिएको थियो। सोही क्रममा बालबालिकाको संरक्षणका लागि पालिकाले गरेका प्रयास र तयारीको अवस्था जानकारी गराउनुका साथै छलफल भए अनुसारको बाल संवेदनशील सेवा प्रवाहका लागि प्रतिवद्धता समेत व्यक्त भएको छ।

(ङ) मिति २०७८/०१/३१ गते राष्ट्रिय बालअधिकार परिषद्को आयोजनामा प्रदेश नं.१ मा रहेका बालहेल्पलाईन नं.१०९८ द्वारा कोभिड-१९ मा बालबालिकालाई सहयोग प्रवाह गर्न सञ्चालन भएको हेल्प डेक्सका प्रतिनिधिहरूसँग छलफल कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा ५ वटा हेल्पडेक्सका १५ जनाको सहभागिता थियो । कार्यक्रममा बाल हेल्प डेक्सले पुर्याउनुपर्ने सेवाको वारेमा जानकारी गराईएको थियो।




## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई—पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका २९ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिकाका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




***राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।***

**रामबहादुर चन्द**
**सूचना अधिकारी**
**राष्ट्रिय बाल अधिकार परिषद्**
**सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ . ९८४१३८६८७१ म)ो(.**
**इमेलः-** ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np
**वेवसाइटः-**www.ncrc.gov.np,
**ई-पोर्टलः-** www.childrights.gov.np
Facebook:-
https://www.facebook.com/ncrc.nepal.5, https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc